## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल असोज ५ गते शनिबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई स्वीकृति प्रदान गर्ने गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल असोज १५ गते मंगलबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको चौथो अधिवेशन मिति २०८१/०६/१५ गते मंगलबार राती १२:०० बजेदेखि लागु हुने गरी अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १११३, मिति २०८१/०५/३० गतेको पत्रानुसार नेपाल वन सेवा/जनरल फरेष्ट्री/रा.प. प्रथम श्रेणी/सहसचिव श्री दीर्घनारायण कोइराला (क.सं.नं. ११९८७३) लाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश वा अन्तर्गत कामकाजमा खटाइएकोमा निजलाई खटिएकै निकायबाट नियमानुसार तलब भत्ता भुक्तानी हुने गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशमा कामकाजमा खटाउने। |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पचास  लाख रुपैयाँ प्रदान गर्न स्वीकृति प्रदान गर्ने। |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | (क) चन्दननाथ मन्दिरको लिङ्गो बोक्ने मेलाको अवसर पारेर जुम्ला जिल्लाभर मिति २०८१/०६/२९ गते असोज शुक्ल त्रयोदशीको दिन दिएको बिदा संशोधन गरी जुम्ला जिल्लाभर लागू हुने गरी मिति २०८१/०६/१४ गते असोज कृष्ण त्रयोदशीको दिन विदा दिने।<br>(ख)  खण्ड (क) बमोजिमको निर्णयको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८१ साल असोज २० गते आइतबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मिति २०७३/११/२७ मा प्रकाशित नेपाल राजपत्र भाग ४, संख्या ५८ तथा नेपाली नागरिकताको प्रमाणपत्र लगायतका विवरणहरुमा गाउँपालिकाको नाम मुगुम कार्मारोङ हुनु पर्नेमा मुगुम कार्मारोंग भएकोले गाउँपालिकाको नाम सच्चाई मुगुम कार्मारोङ बनाउन प्रदेश सरकार मार्फत नेपाल सरकारलाई सिफारिस साथ अनुरोध गर्ने। |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश राजपत्र प्रकाशन नियमावली, २०८१ स्वीकृत गर्ने। |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | रेडियो नेपालको सुर्खेतस्थित प्रादेशिक प्रसारण कार्यालयबाट खस भाषामा समाचार तथा कार्यक्रम प्रसारणको व्यवस्था गरिदिनको लागि नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गर्ने। |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | द्वन्द्व पीडित घाइते अपाङ्ग उपचार खर्च कार्यविधि,२०८१" लाई स्वीकृत गर्ने। |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | "कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक" मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने। |
| ६. | उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बार्षिक कार्यक्रम कार्यान्वयन एकिकृत कार्यविधि, २०८१ स्वीकृत गर्ने। |
| ७. | भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | "कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१" स्वीकृत गर्ने। |